# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| अर्जुनचौपारी गाउँपालिका, अर्जुनचौपारीद्वारा प्रकाशित | | |
| खण्ड २ | संख्या १ | मिति ………… |
| भाग २<br>अर्जुनचौपारी गाउँपालिका<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ । | | |

# अर्जुनचौपारी गाउँपालिकाको कन्टिन्जेन्सी रकम व्यवस्थापन र  खर्च सम्बन्धी कार्यविधि, २०७९

गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०७९/०८/१६

गाउँपालिकालाई प्राप्त हुने विशेष, सशर्त एवं समपुरक अनुदानका साथै गाउँपालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यन्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुबाट नियमानुसार कट्टा गरी हुन आउने कन्टिन्जेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी उपयुक्त एवं मितव्ययी तरिकाले खर्च गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी अर्जुनचौपारी गाउँपालिका कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(१) यो कार्यविधिको नाम "कन्टिन्जेन्सी रकम व्यवस्थापन र  खर्च सम्बन्धी कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "गाउँपालिका" भन्नाले अर्जुनचौपारी गाउँपालिका, स्याङ्जा  सम्झनुपर्छ।

(ख) "योजना" भन्नाले गाउँपालिकाको वार्षिक स्वीकृत बजेट तथा संघिय र प्रदेश सरकारबाट प्राप्त हुने शसर्त, विशेष तथा समपुरक अनुदान अन्तर्गतका योजना हरुलाई सम्झनु पदर्छ ।

(ग) “प्राविधिक” भन्नाले गाउँपालिकामा कार्यरत इन्जिनीयर, सब-इन्जिनियर, प्राविधिक सहायक, असिस्टेन्ट सब- इन्जिनीयर, खानेपानी टेक्निसियन, लाई सम्झनुपर्छ।

३. <u>उद्धेश्यः</u> (१) कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नुको मुख्य उद्धेश्य निम्नानुसार छन्:

(क) कन्टिन्जेन्सी वापतको रकम दफा ४ बमोजिमका क्षेत्रहरुमा पारदर्शी र मितव्ययी रुपले खर्च गर्ने,

(ख) कन्टिन्जेन्सीको आय व्ययको अभिलेख पारदर्शी तथा यथार्थपरक राख्ने,

४. <u>कन्टिन्जेन्सी रकमको व्यवस्थाः</u> (१) गाउँपालिकाको वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुको तोकिएको वमोजिम कन्टिन्जेन्सी बापतको कट्टा गरी हुन आउने रकमलाई एकिकृत गरी दफा ५ मा उल्लेख भए बमोजिमको शिर्षकहरुमा खर्च गर्न सकिनेछ ।

(२) गाउँपालिकाले कार्यान्वयन गर्ने प्रत्येक योजनाको विनियोजित रकमको देहाय बमोजिम कन्टिन्जेन्सी कट्टा गरिने छ।

(क) विनियोजित रकमको तीन प्रतिशतले हुन आउने रकम।

(ख) शर्शत अनुदान र बिशेष अनुदानको हकमा उक्त अनुदानको कार्यविधि वा निर्देशिकामा तोकिए बमोजिम नै कट्टा गरिने छ ।

५. <u>कन्टिन्जेन्सी रकम खर्च गर्न सकिने क्षेत्रहरुः</u> योजना तथा कार्यक्रमहरुको कन्टिनजेन्सी रकम देहायको शिर्षकहरुमा मितव्ययी, पारदर्शी ढंगले खर्च गर्न सक्नेछ।

(क) योजना अनुगमन तथा सुपरिवेक्षण मूल्यांकन जांचपास तथा प्रतिवेदन सम्बन्धी खर्च एवं योजनासंग सम्बन्धित प्रशासनिक र बैठक भत्ता लगायत खाजा तथा खाना खर्च ।

(ख) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक समाग्री खरिद।

(ग) योजना कार्यन्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च ।

(घ) गाउँपालिकाले तत्काल कार्यान्वयन गर्न आवश्यक आवश्यक ठानेका योजना तथा कार्यक्रमहरु ।

(ङ) गाउँ कार्यपालिकाको निर्णय बमोजिम तोकिएको अन्य क्षेत्र ।

(च) योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखीकरण/ उपभोक्ता समिति गठन अभिमुखीकरण/तालिम/गोष्ठी कार्यक्रम खर्च ।

(छ) योजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षणका क्रममा भएको यातायात खर्च ।

(ज) स्थानीय तह वा अन्य निकायका योजना तथा कार्यक्रमका असल अभ्यासका सिकाई अनुशरण गरी त्यस्ता असल अभ्यासलाई कार्यान्वयन गर्नका निमित्त गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च ।

(झ) योजनासंग सम्बन्धित सामाजिक परिचालन खर्च ।

(ञ) गुणस्तर परिक्षणका लागि प्रयोगशाला स्थापना गर्न आवश्यक खर्च ।

(ट) आयोजना अभिलेख व्यवस्थापन, योजना खाता र रजिष्टर सम्बन्धी खर्च ।

६. <u>कन्टिन्जेन्सी रकमको खर्च प्रकृतिः</u> योजना तथा कार्यक्रमहरुको कुल कन्टिनजेन्सी रकम मध्ये प्रशासनिक (चालु) अधिकतम ५५ प्रतिशत र पुँजीगत अधिकतम ४५ प्रतिशतका दरले खर्च गर्न सक्नेछ।

७. <u>कन्टिन्जेन्सी रकम एकिकृत तथा खर्च प्रणालीः</u> गाउँपालिकाको वार्षिक स्वीकृत बजेट तथा संघिय र प्रदेश सरकारबाट प्राप्त हुने शसर्त, विशेष तथा समपुरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी वापतको रकमलाई आर्थिक वर्षको शुरुमानै एकिकृत रुपमा हिसाब गरी सो को लागत राखिने छ।तर त्यस्ता योजना तथा कार्यक्रमको कन्टिनजेन्सी बापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वयन संगै खर्च गरिने व्यवस्था मिलाईने छ ।

८. **<u>व्याख्या तथा संशोधनः</u>** आवश्यकताका आधारमा कार्यपालिकाले यस कार्यविधिको व्याख्या र संशोधन गर्न सक्नेछ।

९. **<u>व्याख्या बाधा अड्काउ फुकाउने अधिकारः</u>** यस कार्यविधिको कार्यन्वयनको शिलशिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकाको हुनेछ।

१०. **<u>यसै बमोजिम भए गरेको मानिनेः</u>** यो कार्यविधि स्वीकृत हुनु पूर्व योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी रकमबाट योजना कार्यान्वयनसंग सम्बन्धित भए गरेका क्रियाकलापहरु यसै कार्यविधि अनुरुप भए गरेको मनिनेछ ।